# ALL INDIA RADIO GANGTOK

## NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 23.09.2025**

---

***केन्द्रीय राज्यमन्त्री सिक्किम आइपुगे***

भारत सरकारका कृषि तथा किसान कल्याण राज्यमन्त्री श्री भागीरथ चौधरी आज सिक्किम आइपुगनुभयो। पूर्वोत्तर सम्पर्क सेतु कार्यक्रम अन्तर्गत पूर्वोत्तर क्षेत्रमा कृषि सम्बन्ध सुदृढ़ पार्न र विकास पहलहरूलाई प्रवर्द्धन गर्न श्री चौधरी, आज देख 25 सेप्टेम्बर 2025 सम्म सिक्किमको तीन दिने आधिकारिक भ्रमणमा हुनुहुन्छ। राज्यमन्त्रीको दक्षिण सिक्किमको बमोइकस्थित केन्द्रीय कृषि विश्वविद्यालयमा वागवानी विभागको नवनिर्मित भवनहरूको उद्घाटनमा भाग कार्यक्रम छ। उहाँले आई सि ए आर – ए टि ए आर आई, जोन सर को वार्षिक क्षेत्रीय कार्यशाला 2025 को पनि उद्घाटन गर्नुहुनेछ।

***आयुर्वेद दिवस मुख्यमन्त्री सन्देश***

दसौं आयुर्वेद दिवस 2025 को अवसरमा आज, सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले सबैलाई हार्दिक शुभकामना दिनुभएकोछ। आयुर्वेदले शरीर मात्र होईन, आत्मालाई पनि शुद्धिकरण गर्छ, श्री तामाङले भन्नुभयो। उहाँले भन्नुभयो, सिक्किममा अब पूर्ण रूपमा स्वतन्त्र, आयुष विभागको स्थापना भएकोछ। आयुर्वेद जनता र ग्रहका लागि भन्ने यस वर्षको प्रमुख नारा, हाम्रो दृष्टिकोण को सुन्दर प्रतिबिम्ब हो, मुख्यमन्त्रीले भन्नुभयो। उहाँले थप भन्नुभयो, आयुष मन्त्रालयको मार्गदर्शनमा, एस टि एन एम अस्पताल तथा जिल्ला अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्रहरूमा विशेष आयुष शाखा स्थापना गरिएकोछ। उहाँले सिक्किम आयुष विभागका सबै अधिकारीहरू अनि कर्मचारीहरूलाई पनि शुभकामना दिनुभयो।

---

***रारी गान्तोक***

भारत सरकारको आयुष मन्त्रालयको केन्द्रीय आयुर्वेदिक विज्ञान अनुसन्धान परिषद अन्तर्गत क्षेत्रीय आयुर्वेद अनुसन्धान संस्थान, तादोङ, गान्तोकले आज मानिस र ग्रहको लागि आयुर्वेद भन्ने विषयवस्तुका साथ 10 औं आयुर्वेद दिवस सफलतापूर्वक आयोजना गरयो। रारी गान्तोकका अनुसन्धान अधिकृत वनस्पति विज्ञान तथा सहायक निर्देशक जगदीश चन्द्र आर्यले, आयुर्वेद दिवसको महत्व र रारी गान्तोकका हालका गतिविधिहरूको बारेमा जानकारी दिए।

***सेवा पर्व***

सेवा र सुशासनको मन्त्रबाट प्रेरित भएर, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा सरकारले रूपान्तरण र प्रगतिका लागि अधक प्रयास गरि रहेकोछ। आज यस विशेष श्रंखला- सेवा पर्व मा हामी तपाई समक्ष, मोदी सरकारले कसरी रोजगारी सिर्जना गर्दैछ र उद्यमशीलतालाई बढ़ावा दिईरहेकोछ साथै भारतका युवाहरूलाई भविष्यको रोजगारी- सिर्जनकर्ता बन्न कसरी सशक्त बनाउँदैछ भन्ने कुरा प्रस्तुत गर्दैछौं।

---

***अमर सुब्बा मलेशिया प्रस्थान***

सिक्किमका म्याराथन म्यान अमर सुब्बा, सेप्टेम्बर 27, 2025 मा मलेसियाको ताइपिङमा आयोजना हुने 50 किलोमिटर अल्ट्रा-ट्रायल डु मोन्ट- ब्ल्याङ्क दौडमा भाग लिन मलेसिया गई रहेका छन्। यो विश्वभरका सहभागीहरूले भाग लिएका सबैभन्दा कठिन दौडहरू मध्ये एक हो। सुब्बाले सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङलाई यसको लागि नैतिक समर्थन प्रदान गरेकोमा धन्यवाद दिए।

***अरूणाचल प्रदेश बागवानी विभाग सिम्बिडियम विकास केन्द्र भ्रमण***

अरूणाचल प्रदेश सरकारको बागवानी विभागका अधिकारीहरूले बागवानी विभाग अन्तर्गत रूमटेकमा रहेको सिम्बिडियम विकास केन्द्रको एक दिने भ्रमण गरे।

---